# नाइके, इन्कर्पोरेटेड को आचरण संहिता

नाइकेमा हाम्रो विश्वास छ कि अन्त थाहा नभए पनि, शुरुवात रेखा स्पष्ट छ ।

हाम्रो ठेक्का कारखानाहरु सितको सम्बन्ध सदैभारी एकनासे हुदैन र यो आचरण संहिताले ति ठेकेदारहरुबाट हाम्रो आकांक्षा र उनिहरुको लागि हाम्रो न्यून मानकहरु स्पष्ट गछ ।

अब पश्चाात ठेक्का काराखानाहरुको मुल्यांकन गर्दा र उनीहरु सित आफ्नो भविष्यको इन्कर्पोरेटेडले **मानकहरुलाई** एक आवश्यक घटक को रुपमा प्रयोग गर्ने सो च राखेको छ ।

हामी जसरी आफ्नो किन्ने र उत्पादनको यो व्यापार नमुनाको विकास गर्दै लादैछौं, हाम्रो सोच भएको छ कि- भविष्यमा हामी उनै ठेक्का कारखानाहरुसित मात्र व्यपारिक सम्बन्ध राखौंला जिनले हाम्रो निम्न मानकहरु मान्छन् र यि मानकहरुलाई आफ्न उत्पादक्ताको नैत्रित्व कायम राखन, निरन्तर सुधार ल्याउने, एवं कर्मचारी विकासको आधार राख्छन् । आचरण संहिता वाहेक पनि नाइके आफ्नो ठेक्का कार खानाहरुलाई आफुलाई अझै पोख्त, पर्यावरणलाई कम क्षति गर्ने र अझ निष्पक्ष वनाउनमा सहयोग गर्ने बचनबद्ध छ । अनि हामी हाम्रो व्यापार गर्ने देशहरुमा त्याहाँको समाज, सरकार र निजीक्षेत्रसँग मिलेर देशको श्रमिकहरु र पर्यावरणको अवस्था सुधार्ने काममा लागिरहेका छौं ।

हाम्रो ठेक्का कारखानाहरुबाट नाइकेको फोहोर घटाउने साधानहरुको जिम्मेदारीपुर्वक प्रयोग गर्ने श्रमिक अधिकारको समर्थन, श्रमिक र समाज कल्याण आदि क्षेत्रमा कार्य गर्ने वद्धताको समर्थन र त्यसमा सहयोगको आशा गर्दछौं । हामी विश्वास गर्छौं कि पारदर्शिता पारस्परिक सहयोग र सम्मानमा आधारित साझेदारीले नै हाम्रो प्रयासलाई सफल पार्छ ।

हाम्रो आचरण संहिताले हाम्रो ठेक्का कारखानाहरुलाई हाम्रो न्यून मानकहरु अनुशरण गर्न बाध्य गर्दछ र यसैलाई हाम्रा लक्ष्य प्राप्त हुनसक्छ ।

### रोजगारी स्वेच्छिक छ

ठेकेदारले कैदी, अनुबन्धनपत्र ले बाँधेको श्रमिक, बंधुआ मजदुर आदि कुनै प्रकारको बाँधी श्रमिकहरु रखने छैन । विदेशी श्रमिकहरुको भर्ना शुल्क अदि खर्च को जिम्मा ठेकेदारले उठाउन् पर्छ ।

### कर्मचारी उमेर अथवा वृद्ध हन्छ :

ठेकेदारको कर्मचारीहरुको न्यून उमेर १६ अथवा देशको कानुनले तोके अनुसार अनिवार्य शिक्षा सम्पन्न गर्ने अथवा कानुनी काम गर्नथाल्न पाउने उमेरको हुनुपर्छ । १८ वर्ष भन्दा कम उमेरको कर्मचारीलाई जोखिमपुर्ण अवस्थामा कार्य गर्न मनाई छ ।

### ठेकेदारले भेदभाव राख्दैन :

ठेकेदारको कर्मचारीहरुसित भर्ना, तलब, पदोत्री अथवा अनुशासनमा लिंग, जाति, धर्म, उमेर, बिक्लान्गता लागत, गर्भावस्था, वैवाहिक दर्जा, राष्टिटयता, राजनैतिक विचार सामाजिक अथवा देशको कानुन ले संरक्षण गरेको अरु कुनै आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

### संघहरु सित जुड्ने स्वतन्त्रता र मोलतोल गर्नु सामुहिक अधिकारको आदर गरिन्छ :

ठेकेदारले आफ्नो कर्मचारीहरुको कानुनको सिमाभित्र संघगठन गर्ने र सामुहिक तोलमोल गर्ने अधिकारको स्वीकृति दिन् पर्छ र आदर गर्नुपर्छ । यस अन्तर्गत कुनै प्रकारको उत्पीडन, हस्तक्षेप र बदलाको डर नराखि आफ्नो इच्छा अनुसारको व्यापार युनियन अथवा अरु कर्मचारी संगठन बनाउने र त्यसमा सम्मेलित हुने अधिकार पनि छ ।

### तलब, ज्याला आदि रकमहरुको भुक्तान समयमा हुनुपर्छ :

ठेकेदारले कर्मचारीहरुको न्युनतम ज्यालाको भुक्तान समयमा गर्नुपर्छ र तिनीहरुलाई विदा वैंधानिक विभाजन भुक्तानी जस्तै अन्य कानुनी फाइदाहरु पनि दिन अनिवार्य छ ।

### उत्पीडन र दुरुपयोग सँहिदैन :

ठेकेदारको कर्मचारीहरुको आदर र मान गरिन्छ । कर्मचारीहरुलाई शारिरिक, मानसिक अथवा मौखिक उत्पीडन र दुरुपयोगको पत्र बनाईन्दैन ।

### कार्यरत समय अत्यधिक हुनेछैन :

ठेकेदारले कर्मचारीबाट प्रति सप्ताह ६० घण्टा अथवा आफ्नो देशको कानुनले अनुमति दिए अनुसार नियमित र ओभरटाईमको अवधि जुन कम हुन्छ भन्दा बढी काम गराउन पाउँदैन । ओभरटाईमको क्षतिपूर्ति कानुनले तोकेको दरमा हुन्छ । कर्मचारीहरुलाई प्रत्येक ७ दिन अवधिमा कम २४ क्रमागत घण्टाको आराम गर्ने अनुमति छ ।

### नियमित रोजगारी उपलब्ध गराइन्छ :

देशको रोजगार सम्बन्धित कानुनमा स्थापित गरिएका नियमहरु अनुसार काम सम्पन्न हुनेछ । ठेकेदारले नाइके अथवा उसको सम्बद्ध वस्तुको उत्पादनको लागि घरबाट काम गर्ने व्यवस्थाको कुनै रुपमा प्रयोग गर्ने छैन ।

### स्वस्थ, सफा र सुरक्षित कार्यस्थल :

एउटा सुरक्षित, सफा र स्वस्थ कार्यस्थल उपलब्ध गराउने र त्याहाँ हुनसक्ने चोट अथवा दुर्घटनाहरु रोक्ने उपाय गर्ने ठेकेदारको जिम्मेदारी हो । ठेकेदारकोमा कर्मचारीको सुरक्षा र स्वास्थयलाई हुनसक्ने सम्भाविक खताराहरुको पत्ता लगाउने, जाँच गर्ने र त्यसलाई शेष गर्ने प्रणालीहरु हुनुपर्छ ।

### पर्यावरणलाई प्रभाव घटाईन्छ :

ठेकेदारले मानविय स्वास्थको रक्षा र पर्यावरणको सुरक्षाको निम्ति वनिएको हावा निष्काशन, ठोस हानिकारक फोहोर र दुषित पानीको व्यवस्थापनको लागि वनिएका नियम, कानुनको पालन गर्नु पर्छ । ठेकेदारले आफ्नो व्यवसायले गर्दा पर्यावरणलाई भएका नकारात्मक प्रभावहरु न्युनीकरण गर्न र पर्यावरणको सुधारको लागि लगातार निरन्तर प्रयास गर्नुपर्छ ।

### संहिता पूर्णरुपमा कार्यान्वयन गरिन्छ :

नाइकेसित व्यापार गर्ने चाहने ठेकेदारहरुलाई संहिता र यस सम्बन्धि लागुहुने कानुनहरुको पालन गर्न र आफ्नो कारखाना व कार्यालय को निरेक्षण अथवा निगरानी गराउन तैयार हुनु । कारखानाको मुख्य कार्यस्थलहरुमा इ संहितालाई सबैले बुझ्नेगरि लिखित रुपमा प्रदर्शित गरेको हुनुपर्छ । कर्मचारीहरुलाई इनी संहिता र यस सम्बन्धि लागुहुने कानुनको अन्तर्गतको आफ्नो अधिकार र जिम्मेवारीको बारेमा जानकारी उपलब्ध गराउन र आफ् मुनि कामगरी नाइके अथवा नाइके सम्बद्ध वस्तु बनाउने ठेकेदारहरुलाई इ संहिताका पालन गराउने जिम्मेवारी ठेकेदारकै रहनेछ ।